# संक्षिप्त वार्षिक आर्थिक विवरण

Citizens Bank International Ltd.
सिटिजन्स बैंक इन्टरनेसनल लि.
YOUR PARTNER FOR PROGRESS


मुख्य कार्यालय

पो. ब. १९६८१, कर्पोरेट कार्यालय, शारदा सदन, कमलादी काठमाडौं, नेपाल, फोनः ९७७ ०१ ४१६९०६७, फ्याक्सः ९७७ ०१ ४१६९०७७

इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA


## आर्थिक वर्ष २०६७/६८

# सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड शारदा सदन,
# काठमाण्डौं पाँचौ वार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना

मिति २०६८/०६/४ गते बसेको संचालक समितिको ९० औ बैठकले निर्णय गरे अनुसार यस बैंकको पाँचौं वार्षिक साधारण सभा निम्न लिखित मिति, स्थान र समयमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, स्थान र समय**

सभा हुने मिति :- २०६८ साल आश्विन २९ गते (१६, अक्टोबर, २०११), आईतवार

स्थान :- नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाण्डौं

सभा सुरु हुने समय :- विहान ११:०० बज

**छलफलका विषयहरू :**

**क. साधारण प्रस्तावहरू**

१. अध्यक्षज्यूको मन्तव्य तथा संचालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदनसहित २०६८ आषाढ मसान्तको वासलात र मिति २०६७/०४/०१ देखि २०६८/०३/३२ सम्मको नाफा नोक्सानीको हिसाव तथा सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तिय विवरणहरु स्वीकृत गर्ने ।

३. संचालक समितिबाट प्रस्ताव गरे अनुसार ५.५३ प्रतिशत नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने ।

४. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.ब. २०६८ र ६९ को लागि लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (एस आर पाण्डे एण्ड कम्पनी पुन: नियुक्त हुन योग्य रहेको)

५. संस्थापक शेयरधनीहरुको तर्फवाट प्रतिनिधित्व गर्ने समूह "क" अर्न्तगत उप-समुह १, २, ३ र ४ को संचालकहरुको निर्वाचन गर्ने ।

**ख. विशेष प्रस्तावहरू**

१. संचालक समितिबाट प्रस्ताव गरे अनुसार ५ प्रतिशत वोनस शेयर वितरण गर्न स्वीकृत गर्ने ।

**ग. विविध**

**साधारण सभा सम्बन्धी अन्य जानकारी**

१. वार्षिक साधारण सभालाई ध्यानमा राखी मिति २०६८/०६/१२ गते देखि २०६८/०६/२९ गते सम्म बैंकको शेयरधनी दर्ता किताव बन्द रहने छ । नेपाल स्टक एकस्चेन्ज लिमिटेडमा २०६८/०६/१० गतेसम्म कारोबार भई मिति २०६८/०६/२६ गतेभित्र यस बैंकको शेयर रजिष्ट्रार एलिट क्यापिटल लिमिटेड, जमल, काठमाडौंमा प्राप्त शेयर नामसारीको लिखतको आधारमा शेयरधनी दर्ता कितावमा कायम शेयरधनीहरुले सो सभामा भाग लिन एवं मतदान गर्न तथा नगद लाभांश र वोनस शेयर पाउने छन् ।

२. बार्षिक साधारण सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले शेयर प्रमाणपत्र र आफ्नो परिचय खुल्ने प्रमाण वा सोको प्रतिलिपि अनिवार्य रुपमा साथमा लिई आउनुहुन अनुरोध छ ।

३. शेयरधनी महानुभावहरुको उपस्थिति पुस्तिकामा दस्तखत गर्न शेयरधनी उपस्थिति पुस्तिका विहान १०:३० बजे देखि खुल्ला गरिने छ ।

४. साधारण सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रचलित कम्पनी कानूनले तोकेको ढांचामा प्रतिनिधिपत्र (प्रोक्सी) फारम भरी सभा शुरु हुनुभन्दा कम्तीमा ४८ घण्टा अगाडि अर्थात् २०६८/०६/२७ गते बिहान ११:०० बजेभित्र बैंकको मुख्य कार्यालय शारदा सदन कमलादीमा दर्ता गराई सक्नु पर्नेछ । बैकको शेयरधनी बाहेक अरुलाई प्रोक्सी दिन र एकभन्दा बढी व्यक्तिलाई आफ्नो शेयर विभाजन गरी तथा अन्य कुनै किसिमवाट छुट्याई प्रोक्सी दिन पाइने छैन, यसरी दिइएको प्रोक्सी बदर हुनेछ ।

५. एक जना शेयरधनीले एकभन्दा बढीलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा प्रतिनिधि (प्रोक्सी) स्वत: बदर हुनेछ । तर, प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनीले प्रतिनिधि फेरवदल गर्न चाहेमा यस अघि दिएको प्रतिनिधिपत्र (प्रोक्सी) बदर गरी यो प्रतिनिधिपत्र (प्रोक्सी) लाई मान्यता दिइयोस् भन्ने छुट्टै पत्र सहित प्रोक्सी फाराम बैंकको मुख्य कार्यालयमा सभा शुरु हुनुभन्दा कम्तीमा ४८ घण्टा अगावै दर्ता गराएको अवस्थामा अघिल्लो प्रतिनिधिलाई स्वत: बदर भएको मानी पछिल्लो प्रतिनिधि (प्रोक्सी) लाई मान्यता दिइने छ । प्रतिनिधि नियुक्त गरी सकेको शेयरधनी आफै सभामा उपस्थित भई हाजीर पुस्तिकामा दस्तखत गरेमा निजले दिएको प्रतिनिधि (प्रोक्सी) स्वत: बदर हुनेछ ।

६. दफा १ मा उल्लेख गरे बमोजिम शेयरधी दर्ता कितावमा कायम शेयरधनीहरु मात्र सो सभाबाट पारित लाभांश रकम र बोनश शेयरको हकदार हुनेछन् ।

७. एकभन्दा वढी व्यक्तिहरुको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्वसम्मतवाट प्रतिनिधि चयन गरिएको एकजनाले मात्र वा लगत कितावमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भाग लिन सक्ने छन् ।

८. नाबालक वा मानसिक सन्तुलन ठीक नरहेको शेयरधनीहरुको तर्फवाट बैंकको शेयर लगत दर्ता कितावमा संरक्षकको रुपमा नाम दर्ता भइरहेका महानुभावहरुले सभामा भागलिन, मतदान गर्न वा प्रतिनिधि तोक्न सक्नु हुनेछ ।

९. यस बैंकको संचालक निर्वाचन सम्वन्धि निर्देशिका बैंकका शेयरधनीहरुले रजिष्टर्ड कार्यालय, शारदासदन कमलादी काठमाण्डौंबाट शुल्क तिरी प्राप्त गर्न सकिनेछ । बैंकको संचालकहरुको निर्वाचन सम्वन्धि कार्यक्रम बैंकको रजिष्टर्ड कार्यालय, कमलादी काठमाण्डौंमा स्थापित निर्वाचन समितिको कार्यालयले सभा हुने दिन भन्दा २० दिन अगावै प्रकाशित गरि टाँस गर्नेछ ।

१०. साधारण सभा सम्बन्धमा थप जानकारी आवश्यक परेमा कार्यालय समयभित्र बैंकको प्रधान कार्यलय शारदा सदन, कमलादीमा सम्पर्क राख्न समेत अनुरोध गरिन्छ ।

११. सुरक्षाको दृष्टिकोणले शेयरधनी महानुभावहरु सभा स्थलमा आउंदा झोला, व्याग जस्ता बस्तुहरु नलिई आउनु हुन अनुरोध छ । आवश्यक देखिएमा सुरक्षाकर्मीले सुरक्षा जांच गर्न सक्ने हुंदा सो कार्यमा सहयोग गरिदिनु हुन समेत अनुरोध गरिन्छ ।

पुनश्चः कम्पनीको संक्षिप्त आर्थिक विवरण शेयरधनी महानुभावहरुले उपलब्ध गराएको ठेगानामा पठाईएको छ । साथै कम्पनी ऐन २०६३ अनुसारको बार्षिक आर्थिक विवरण, संचालक समितिको प्रतिवेदन र लेखा परिक्षकको प्रतिवेदन शेयरधनी महानुभावहरुले कम्पनीको मुख्य कार्यालय कमलादी तथा यस बैंकको शेयर रजिष्ट्रार एलिट क्यापिटल लिमिटेडमा आई निरीक्षण गर्न र प्राप्त गर्न सक्ने व्यहोरा समेत जानकारीका लागी सूचित गरिन्छ । संक्षिप्त आर्थिक विवरण लगायत वार्षिक साधारण सभामा पेश हुने सम्पूर्ण प्रस्तावहरु बैंकको Website: www.ctznbank.com मा पनि हेर्न सक्नुहुनेछ ।

संचालक समितिको आज्ञाले,
कम्पनी सचिव

# आ.व. २०६७/६८ को संक्षिप्त वार्षिक आर्थिक विवरण

**(प्रस्तुत संक्षिप्त आर्थिक विवरण बैंकको वार्षिक प्रतिवेदनको संक्षिप्त विवरण मात्र हो)**

**कारोबारको सिंहावलोकन**

बैंकको गत वर्षको तुलनामा समीक्षा वर्षमा हासिल गरेको प्रगतिको विवरण समावेश गरिएको वित्तीय झलक निम्नानुसार रहेका छन् ।

(रु. हजारमा)

| शिर्षक | २०६६/६७ | २०६७/६८ | बृद्धि प्रतिशत |
|---|---|---|---|
| कूल सम्पत्ती | १६,५१,६८,८५ | १६,८१,५०,३७ | १.८१ |
| निक्षेप | १४,२१,४४,८२ | १३,४७,८३,३३ | (५.१८) |
| कर्जा अधिविकर्ष र खरीद तथा डिस्काउण्ट गरिएका विलहरु | १०,९२,४८,८४ | १२,२७,१८,२६ | १२.३२ |
| लगानी | २,६८,०१,६८ | २,४०,१४,३७ | (१०.४०) |
| खूद व्याज आम्दानी | ४४,७९,३२ | ५५,८९,१० | २४.७८ |
| अन्य संचालन आम्दानी | १०,८२,५६ | ११,०९,३६ | २.४८ |
| संचालन खर्च | १९,५०,९७ | २६,०८,४१ | ३३.७० |
| संचालन मूनाफा | ३६,१०,९२ | ४०,९०,०५ | १३.२७ |
| खुद नाफा/(नोक्सान) | १९,३५,६२ | १९,८३,५४ | २.४८ |

देशमा नयाँ बैंक तथा वित्तिय संस्थाहरुको संख्यामा वृद्धि भएको कारणले बैंकिङ्ग क्षेत्रमा तुलनात्मक रुपमा प्रतिस्पर्धा सघन हुँदै गैरहेको छ र वढ्दो प्रतिस्पर्धाका कारण बैंकको व्याज Spread मा समेत संकुचन आइरहेको तथा यस आर्थिक वर्षमा देखिएको तरलताको अभाव तथा केन्द्रीय बैंकद्वारा जारी गरिएको रियलस्टेट क्षेत्रमा जाने कर्जामा सीमा निर्धारण गरिएको अवस्थाको वावजुद गत वर्षको तुलनामा समीक्षा अवधिमा संचालन मुनाफामा १३.२७ प्रतिशतले वृद्धि भई रु. ४० करोड ९० लाख ५ हजार पुगेको छ भने खुद मुनाफा २.४८ प्रतिशतले वृद्धि भई रु. १९ करोड ८३ लाख ५४ हजार पुगेको छ । गत वर्षको तुलनामा समीक्षा अवधिमा बैंकको कर्जा अधिविकर्ष र खरिद तथा डिस्काउण्ट गरिएका विलहरुमा १२.३२ प्रतिशतले वृद्धि भई रु. १२ अर्व २७ करोड १८ लाख २६ हजार पुगेको छ । बैंकले अवलम्वन गरेको गुणस्तरिय कर्जा नीतिको कारणले हाल बैंकको निस्कृय कर्जा १.१७ प्रतिशत मात्र रहेको छ ।

पूँजी पर्याप्तता अनुपात नेपाल राष्ट्र बैंकले तोकेको १० प्रतिशतको दाँजोमा बैंकले १५.५३ प्रतिशत कायम राख्न सफल रहेकोले बैंकको वित्तिय स्थिति मजबुत रहेको प्रष्ट हुन्छ ।

शेयरधनीहरुलाई समयोचित रुपमा यथोचिति प्रतिफल प्रदान गर्ने बैंकको नीति अनुरुप बैंकको संचालक समितिले वितरण योग्य मुनाफावाट ८.५३ प्रतिशत नगद लाभांश तथा २ प्रतिशत वोनश शेयर वितरण गर्न गरेको सिफारिस साधारण सभामा अनुमोदनको लागि प्रस्तुत गरिएको छ ।

बैंकले आफ्नो संजाल वृद्धि गरी ग्राहक वर्गलाई प्रदान गर्ने सेवा सुविधामा प्रभावकारीता ल्याउनको लागी बैंकले देशको पुर्वाञ्चलमा विर्तामोड, विराटनगर, गाईघाट मध्यमाञ्चलमा बीरगन्ज, पठलैया, नारायणघाट काठमाण्डौं उपत्यकामा न्यूरोड, वौद्ध, कोटेश्वर, कुमारीपाटी, कलंकी, ठहिटी, नयाँवजार, मैतिदेवी, नारायणगोपाल चोक, कपन, थीमी, किर्तिपुर पश्चिमाञ्चलमा पोखरा, वेनी, वुटवल मध्यपश्चिमाञ्चलमा नेपालगन्ज, घोराही, सुदुर पश्चिमाञ्चलमा धनगढी र महेन्द्रनगरमा आफ्नो शाखा सञ्चालनमा ल्याइ सकेको थियो भने समीक्षा वर्षमा काठमाण्डौको भक्तपुर र पाटनढोका तथा पुर्वाञ्चलको सुनसरी जिल्लाको इटहरी, मध्यमाञ्चलको दोलखा जिल्लाको चरिकोट, र धनुषा जिल्लाको जनकपुर र पश्चिमाञ्चलको हुम्ला जिल्लामा सिमिकोटमा शाखा सञ्चालनमा ल्याएको छ ।

## ३२ आषाढ २०६८ (१६ जुलाई २०११)
### बासलात

| पूँजी र दायित्व | यस वर्ष रू. | गत वर्ष रू. |
|---|---|---|
| १. शेयर पूँजी | २,०४०,०००,००० | १,२०६,९५०,००० |
| २. जगेडा तथा कोषहरू | १३२,११८,९२४ | १०१,३१९,४८९ |
| ३. ऋणपत्र र बण्ड | - | - |
| ४. तिर्न बाँकी कर्जा सापटी | ८०५,०००,००० | ६५१,१५१,००० |
| ५. निक्षेप दायित्व | १३,४७८,३३३,२६१ | १४,२१४,४८१,७९९ |
| ६. भुक्तानी दिनुपर्ने बिलहरू | ३,७८१,७६७ | २,४३०,२३२ |
| ७. प्रस्तावित लाभांस | १७०,५२६,३१६ | १२६,३१५,७८९ |
| ८. आयकर दायित्व | | |
| ९. अन्य दायित्वहरू | १८५,२७७,१२५ | २१४,२३६,६४० |
| **कुल पूँजी र दायित्व** | **१६,८१५,०३७,३९३** | **१६,५१६,८८४,९४९** |
| **सम्पत्ति** | **यस वर्ष रू.** | **गत वर्ष रू.** |
| १. नगद मौज्दात | ८३१,४५३,०२० | ६२६,७०७,७२१ |
| २. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | ४९२,५१९,५२३ | १,५९६,४३२,२४३ |
| ३. बैंक/वित्तिय संस्थामा रहेको मौज्दात | १८१,५६३,४१२ | २२२,४७७,८३१ |
| ४. माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | २२६,८३७,३७८ | २३४,९८१,६४७ |
| ५. लगानी | २,४०१,४३७,०९६ | २,६८०,१६७,५६२ |
| ६. कर्जा, सापट तथा विल खरिद | १२,२७१,८२६,५१३ | १०,७८५,६५८,०२३ |
| ७. स्थिर सम्पति | १९२,०६५,३६२ | १६३,८५६,०८० |
| ८. गैर बैकिङ्ग सम्पत्ति | | |
| ९. अन्य सम्पत्ति | २१७,३३५,०८९ | २०६,६०३,८४२ |
| **कुल सम्पत्ति** | **१६,८१५,०३७,३९३** | **१६,५१६,८८४,९४९** |

## नाफा-नोक्सान हिसाब
### १ श्रावण २०६७ देखि ३२ आषाढ २०६८ सम्मको

| विवरण | यस वर्ष रू. | गत वर्ष रू. |
|---|---|---|
| १. ब्याज आम्दानी | १,७९५,२३२,६१३ | १,३९८,८३०,६९१ |
| २. ब्याज खर्च | १,२३६,३२२,३०९ | ९५०,८९८,३९७ |
| **खुद ब्याज आम्दानी** | **५५८,९१०,३०४** | **४४७,९३२,२९४** |
| ३. कमिशन तथा डिस्काउण्ट | ३२,५३३,२८० | २५,१३४,२९५ |
| ४. अन्य सञ्चालन आम्दानी | ६५,१२०,६४६ | ६७,८४६,७२९ |
| ५. सटही घटबढ आम्दानी | १३,२८२,५८७ | १५,२७५,०७७ |
| **कुल सञ्चालन आम्दानी** | **६६९,८४६,८१७** | **५५६,१८८,३९५** |
| ६. कर्मचारी खर्च | ८१,६८९,३६९ | ६३,६६६,८८८ |
| ७. अन्य सञ्चालन खर्च | १७९,१५१,५८४ | १३१,४२९,८९५ |
| ८. सटही घटबढ नोक्सान | - | - |
| **सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा** | **४०९,००५,८६४** | **३६१,०९१,६१२** |
| ९. सम्भावित नोक्सानी व्यवस्थाहरु | १०३,३६८,२८२ | ५७,१२३,६६७ |
| **सञ्चालन मुनाफा** | **३०५,६३७,५८२** | **३०३,९६७,९४५** |
| १०. गैर सञ्चालन आम्दानी/नोक्सान | ६,७३०,२५१ | १,१७२,७२८ |
| ११. सम्भावित नोक्सान व्यवस्थाबाट फिर्ता | - | - |
| **नियमित कारोबारबाट भएको मुनाफा** | **३१२,३६७,८३३** | **३०५,१४०,६७३** |
| १२. असामान्य कारोबारहरुबाट भएको मुनाफा/(खर्च) | - | - |
| **सम्पूर्ण कारोबार समावेश पछिको खुद मुनाफा** | **३१२,३६७,८३३** | **३०५,१४०,६७३** |
| १३. कर्मचारी बोनस व्यवस्था | २८,३९७,०७६ | २७,७४०,०६१ |
| १४. आयकर व्यवस्था | ८५,६१६,६२३ | ८३,८३८,८१४ |
| ▪ यस वर्षको आयकर व्यवस्था | ९१,६६१,२९० | ८८,३१८,९१९ |
| ▪ बिगत वर्षसम्मको आयकर व्यवस्था | | |
| ▪ यस वर्षको स्थगन कर आम्दानी/खर्च | (६,०४४,६६७) | (४,४८०,१०५) |
| **खुद नाफा/(नोक्सान)** | **१९८,३५४,१३४** | **१९३,५६१,७९८** |

# नाफा नोक्सान बाडँफाडँ हिसाब

## १ श्रावण २०६७ देखि ३२ आषाढ २०६८ सम्मको

| विवरण | यस वर्ष रू. | गत वर्ष रू. |
|---|---|---|
| **आम्दानी** | | |
| १. गत वर्षसम्मको संचित मुनाफा | २७,१०८,२३३ | ३,२४६,१६३ |
| २. यस वर्षको मुनाफा | १९८,३५४,१३४ | १९३,५६१,७९८ |
| ३. सटही घटबढ कोष | - | - |
| ४. शेयर प्रिमीयम | ४०,०००,००० | - |
| **जम्मा** | **२६५,४६२,३६७** | **१९६,८०७,९६१** |
| **खर्च** | | |
| १. गत वर्षसम्मको संचित नोक्सान | - | - |
| २. यस वर्षको नोक्सान | - | - |
| ३. साधारण जगेडा कोष | ३९,६७०,८२७ | ३८,७१२,३६० |
| ४. भैपरी आउने जगेडाकोष | | |
| ५. संस्था विकासकोष | | |
| ६. लाभांश समीकरण कोष | | |
| ७. कर्मचारी सम्बन्धि जगेडा कोष | | |
| ८. प्रस्तावित लाभांश | १७०,५२६,३१६ | १२६,३१५,७८९ |
| ९. प्रस्तावित बोनस शेयर जारी | ४०,०००,००० | |
| १०. विशेष जगेडाकोष | | |
| ११. सटही घटबढकोष | | ११७,४७४ |
| १२. पूंजी फिर्ता जगेडाकोष | | |
| १३. पूंजी समायोजन कोष | | |
| १४. गत वर्षको समायोजन | | |
| १५. स्थगन कर जगेडाकोष | ६,०४४,६६७ | ४,४८०,१०५ |
| १६. लगानी समायोजन कोष | | ७४,००० |
| **जम्मा** | **२५६,२४१,८१०** | **१६९,६९९,७२८** |
| १७. सञ्चित मुनाफा/(नोक्सान) | **९,२२०,५५७** | **२७,१०८,२३३** |

# पूंजी कोष तालिका

(रु. हजारमा)

| विवरण | २०६८ आषाढ मसान्त | गत आ.व. |
|---|---|---|
| **१.१ जोखिम भारित सम्पत्ति** | | |
| क. कर्जा जोखिम | १३,५५३,८६९.१३ | ११,७०९,२७८.१५ |
| ख. संचालन जोखिम | ८०८,४३२.०४ | ५४७,७०१.८१ |
| ग. वजार जोखिम | ५६,७१४.७३ | ११,९४८.५३ |
| **PILLAR II अन्तर्गतको समायोजन** | - | - |
| जोड : ६.४क (१०) अनुसार पर्याप्त सूचना प्रवाह नगरेबापत जोखिम भारित सम्पतिको ३ प्रतिशत | - | - |
| जोड : अपर्याप्त तरल सम्पति बापत कुल निक्षेपको ...प्रतिशत | - | - |
| जोडः नेपाल राष्ट्र बैंकको सुझाव अनुरुप बजार जोखिममा थप गरिएको (खुद व्याज आम्दानीको १५) | ६,०६२.९९ | ४,४७९.३२ |
| जोडः नेपाल राष्ट्र बैंकको सुझाव अनुरुप जोखिम भारित सम्पतीमा थप गरिएको (जोखिम भारित सम्पतीको २५) | २८७,९८०.३२ | १२२,६८९.२८ |
| **कुल जोखिम भारित सम्पत्ति (PILLAR II अन्तर्गतको समायोजन पछि)** | **१४,६३९,०५९.२१** | **१२,३९६,०७९.०९** |
| **१.२ पूंजी कोष** | - | - |
| **प्राथमिक पूंजी (Tier I)** | **२,१५७,८१८.६०** | **१,३०२,९००.८२** |
| क. चुक्ता पूंजी | २,०००,०००.०० | १,२०६,९५०.०० |
| ख. इरिडिमेवल नन् क्युम्युलेटिभ प्रिफरेन्स शेयर | - | - |
| ग. शेयर प्रिमियम | २,९७१.६२ | - |
| घ. प्रस्तावित वोनस शेयर | ४०,०००.०० | - |
| ङ. साधारण जगेडा कोष | १०८,५१३.४२ | ६८,८४२.५९ |
| च. संचित नाफा/(नोक्सान) गत आ.व. सम्मको | ९,२२०.५६ | २७,१०८.२३ |
| छ. चालू आ.व.को नाफा/(नोक्सान) | - | - |

| विवरण | २०६८ आषाढ मसान्त | गत आ.व. |
|---|---|---|
| ज. पूँजी फिर्ता समायोजन कोष | - | - |
| झ. पूँजी समायोजन कोष | - | - |
| ञ. लाभांश समिकरण कोष | - | - |
| ट. ऋणपत्र भूक्तानी कोष | - | - |
| ठ. अन्य स्वतन्त्र कोषहरु | - | - |
| घटाउने : | (२,८८७) | - |
| क. ख्याति वापतको रकम | - | - |
| ख. अपलेखन नगरिएका विविध सम्पत्ति | (२,८८७) | - |
| ग. इजाजत प्राप्त संस्थामा गरिएको शेयर लगानी | - | - |
| घ. वित्तीय स्वार्थ रहेको कम्पनीमा रहेको लगानी | - | - |
| ङ. सीमा भन्दा बढी लगानी | - | - |
| च. प्रत्याभूति (Underwriting) अन्तर्गत गरिएको लगानी | - | - |
| छ. पारिस्परिक क्रस होल्डिंग | - | - |
| ज. अन्य | - | - |
| **PILLAR II अन्तर्गतको समायोजन** | - | - |
| घटाउने : ६.४(क)(१) अनुसार अपर्याप्त व्यवस्था | - | - |
| घटाउने : ६.४(क)(१) अन्तर्गत सम्बन्धित पक्षालाई तथा निषेधित क्षेत्रमा प्रवाहित कर्जा सुविधा | - | - |
| **पुरक पूँजी (Tier II)** | **१२४,५६९.१२** | **१०९,८०१.५२** |
| क. क्युम्युलेटिभ र रिडिमेवल प्रिफरेन्स शेयर | - | - |
| ख. सुरक्षण नराखिएको सहायक आवधिक ऋण | - | - |
| ग. हाइब्रिड पूँजी उपकरणहरु | - | - |
| घ. असल कर्जा नोक्सानी व्यवस्था | १२३,६८०.५६ | १०८,९१२.९६ |
| ङ. सटही समिकरण कोष | ८१४.५६ | ८१४.५६ |
| च. लगानी समायोजन कोष | ७४.०० | ७४.०० |
| छ. सम्पत्ति पूनर्मूल्याङ्कन कोष | - | - |
| ज. अन्य कोष | - | - |
| **कुल पूँजी कोष (Tier I & II)** | **२,२८२,३८७.७२** | **१,४१२,७०२.३४** |
| **१.३ पूँजीकोष अनुपात** | | |
| **प्राथमिक पूँजी/कूल जोखिम भारित सम्पत्ति (Tier I)** | **१४.६९%** | **१०.५१%** |
| **पूँजी कोष/कूल जोखिम भारित सम्पत्ति (Tier I & Tier II)** | **१५.५३%** | **११.४०%** |

# सिटिजन्स बैंक इण्टरनेशनल लिमिटेडका शेयरधनी महानुभावहरूमा लेखा परीक्षकको प्रतिवेदन

## REPORT OF THE INDEPENDENT AUDITORS
## TO THE SHAREHOLDERS OF CITIZENS BANK INTERNATIONAL LIMITED

1. We have audited the accompanying financial statements of Citizens Bank International Limited, which comprise the Balance Sheet as at Ashad 32, 2068 (July 16, 2011), and the profit and loss account, Statement of Changes in Equity and Cash Flow Statement for the year then ended, and a Summary of significant Accounting Policies and other explanatory notes.

**Management's Responsibility for the Financial Statements**

2. Management is responsible for the preparation and fair presentation of these financial Statements in accordance with Nepal Accounting Standards. This responsibility includes: designing, implementing and maintaining internal control relevant to the preparation and presentation of financial statements that are free from material misstatement, whether due to fraud or error; selecting and applying appropriate accounting policies; and making accounting estimates that are reasonable in the circumstances.

**Auditor's Responsibility**

3. Our responsibility is to express an opinion on these financial statements based on our audit. We conducted our audit in accordance with Nepal Standards on Auditing. Those Standards require that we comply with ethical requirements and plan and perform the audit to obtain reasonable assurance about whether the financial statements are free of material misstatement.

   An audit involves performing procedures to obtain audit evidence about the amounts and disclosures in the financial statements. The procedures selected depend on our professional judgment, including the assessment of the risks of material misstatement of the financial statements, whether due to fraud or error. In making those risk assessments, we consider the internal control relevant to the Bank's preparation and fair presentation of the financial statements in order to design audit procedures that are appropriate in the circumstances, but not for the purpose of expressing an opinion on the effectiveness of Bank's internal control. An audit also includes evaluating the appropriateness of the accounting policies used and the reasonableness of accounting estimates made by the management, as well as evaluating the overall presentation of the financial statements.

   We believe that the audit evidence we have obtained is sufficient and appropriate to provide a basis for our audit opinion.

**Opinion**

4. In our opinion, the accompanying financial statements give a true and fair view, in all material respects, the financial position of Citizens Bank International Limited as at Ashad 32, 2068 (16 July, 2011) and of the results of its financial performance and its cash flows for the year then ended in accordance with Nepal Accounting Standards-so far as applicable in compliance with the prevailing Laws and comply with Company Act 2063, Banks and Financial Institutions Act, 2063 and Directives of Nepal Rastra Bank.

**Report on Other Legal and Regulatory Requirements**

5. On the basis of our examination, we would like to further report that:
   i. We have obtained all the information and explanations, which were considered necessary for the purpose for our audit.
   ii. The Balance Sheet, Profit and Loss Account, Cash Flow Statement and attached Schedules dealt with by this report are prepared as per Directives of Nepal Rastra Bank and are in agreement with the books of account maintained by the Bank.
   iii. In our opinion, proper books of accounts as required by the law have been kept by the Bank. The Bank has accounted for Interest Income from Loans & Advances on cash basis as per Nepal Rastra Bank's Directives.
   iv. During our examination of the books of account of the Bank, we have not come across the cases where the Board of Directors or any member thereof or any representative or any office holder or any employee of the Bank has acted contrary to the provisions of law or caused loss or damage to the Bank.
   v. The operations of the Bank were within its jurisdiction
   vi. In our opinion, so far as it appeared from our examination of the book, the Bank has maintained adequate capital funds and adequate provisions for possible impairment of assets in accordance with the directives of Nepal Rastra Bank;
   vii. The Bank has not written-off loans during the year;
   viii. The Bank has been functioning as per the directives of Nepal Rastra Bank.
   ix. The Bank has not acted in a manner to jeopardize the interest and security of the depositors and shareholders.
   x. The returns received from branches of the Bank though the statements are independently not audited were adequate for the purpose of our audit, and
   xi. We have not come across any fraudulence in the accounts, so far as it appeared from our examination of the book.

Place: Kathmandu
Date: September 1, 2011

Bhaskar Singh Lala, FCA
Partner

## कम्पनी ऐन २०६३ को दफा १०९ उपदफा ४ अनुसारको अतिरिक्त विवरण

१. जफत गरिएका शेयरहरूको विवरणः
बैंकले गतवर्ष कुनै पनि शेयर जफत गरेको छैन ।

२. सहायक कम्पनीहरूसँगको कारोबारः
बैंकका कुनै सहायक कम्पनीहरू छैनन् ।

३. आधारभूत शेयरधनीहरूबाट बैंकलाई उपलब्ध गराइएको जानकारीः
यस्तो कुनै जानकारी प्राप्त भएको छैन ।

४. समीक्षा वर्ष (२०६७/६८) मा बैंकका संचालक तथा पदाधिकारीहरूले खरीद गरेको शेयर
बैंकद्वारा जारी गरिएको हकप्रद शेयर वाहेक अन्य कुनै शेयर खरिद गरिएको छैन ।

५. समीक्षा वर्ष (२०६७/६८) मा बैंकका सञ्चालक तथा पदाधिकारीहरूले लिएको शेयरको स्वामित्वको विवरण र कम्पनीको शेयर काराबारमा निजहरू संलग्न रहेको भए त्यस सम्बन्धमा निजहरूबाट बैंकले प्राप्त गरेको जानकारी
यस्तो कुनै जानकारी बैंकलाई प्राप्त भएको छैन ।

६. समीक्षा वर्ष (२०६७/६८) मा बैंकसँग सम्बद्धित संझौताहरूमा कुनै सञ्चालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थको बारेमा उपलब्ध गराइएको जानकारीको बेहोराः
यस्तो कुनै जानकारी बैंकलाई प्राप्त भएको छैन ।

७. बैंकले आफ्नो शेयर आफैंले खरीद गरेको भए त्यसरी आफ्नो शेयर खरीद गर्नुको कारण, त्यस्तो शेयरको संख्या र अंकित मूल्य तथा त्यसरी शेयर खरीद गरेबापत बैंकले भुक्तानी गरेको रकमः
बैंकले आफ्नो शेयर आफैंले खरिद गरेको छैन ।

८. बैंकको आन्तरिक नियन्त्रणप्रणाली भए वा नभएको र भएको भए त्यसको विस्तृत विवरणः
बैंकले आन्तरिक नियन्त्रणप्रणालीअन्तर्गत देहायवमोजिम कामकारवाही गरेको छ
(क) संचालन प्रक्रियातर्फ आर्थिक विनियमावली, कर्मचारी विनियमावली, कर्जा अपलेखन विनियमावली, कर्जा नीति, निर्देशिका तथा आवश्यक कार्य निर्देशिकाहरू तयार गरी प्रचलनमा ल्याइएको छ ।
(ख) स्वतन्त्र आन्तरिक लेखापरीक्षणविभाग गठन गरिएको छ ।
(ग) लेखापरीक्षणसमितिले आन्तरिक नियन्त्रण प्रक्रियाको नियमित अनुगमन गर्ने परिपाटीको विकास गरेको छ ।

९. समीक्षा वर्षमा कुल व्यवस्थापन खर्चको विवरणः

| | |
|---|---|
| (क) कर्मचारी खर्च | रु. ८,१६,८९,३६९।- |
| (ख) कार्यालय संचालन खर्च | रु. १७,९१,५१,५८४।- |

१०. लेखापरीक्षणसमितिका सदस्यहरूको नामावली, निजहरूले प्राप्त गरेको पारिश्रमिक, भत्ता तथा सुविधा, त्यस समितिले गरेको कामकारबाहीको विवरण र त्यस समितिले कुनै सुझाव दिएको भए त्यसको विवरणः
(क) लेखापरीक्षणसमितिः

| | |
|---|---|
| श्रीबालकृष्ण प्रसाई | अध्यक्ष |
| श्रीप्रकाशचन्द्र मैनाली | सदस्य |
| श्रीअनिन राजभण्डारी | सदस्य |
| श्रीरमन उप्रेती | सदस्यसचिव |

(ख) समितिका सदस्यहरूलाई बैठकभत्ताबाहेक कुनै पारिश्रमिक/सुविधा प्रदान गर्ने गरिएको छैन । सदस्य-सचिवबाहेक अध्यक्ष र सदस्यहरूलाई प्रतिबैठक भत्ता रु. ४,०००।- प्रदान गरिएको छ ।
(ग) आर्थिक वर्ष २०६७/६८ मा ७ पटक समितिको बैठक बस्यो, जसमा आन्तरिक लेखापरीक्षणको प्रतिवेदनको समीक्षा गरी सुधारका लागि व्यवस्थापनलाई आवश्यक निर्देशन दिइएको छ ।

११. सञ्चालक, प्रबन्धसञ्चालक, कार्यकारी प्रमुख, कम्पनीका आधारभूत शेयरधनी वा निजको नजिकका नातेदार वा निज संलग्न रहेको फर्म कम्पनी वा संगठित संस्थाले कम्पनीलाई कुनै रकम बुझाउन बाँकी भए सो कुराः
नभएको ।

१२. सञ्चालक, प्रवन्ध सञ्चालक, कार्यकारी प्रमुख तथा पदाधिकारीहरुलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम-
यस आ.व.मा संचालकहरुलाई वैठक भत्ता वापत रु. ११,९७,४००।०० तथा अन्य सुविधा वापत रु. ८,८५,०००।- भुक्तानी गरिएको छ। प्रमुख कार्यकारी अधिकृत तथा अन्य पदाधिकारीहरुलाई तलव तथा भत्ता वापत रु. १,६१,२२,८७९।- भुक्तानी गरिएको छ ।

१३. शेयरधनीले बुझिलिन बाँकी रहेको लाभांशको रकमः
गत वर्षसम्मको लाभांशमध्ये रु १,२६,८७,०८०।- शेयरधनीले बुझिलिन बाँकी रहेको छ ।

१४. कम्पनी ऐन २०६३ को दफा १४१ बमोजिम सम्पत्ति खरीद वा बिक्री गरेको कुराको विवरण - नभएको ।

१५. कम्पनी ऐन २०६३ को दफा १७५ बमोजिम सम्बद्ध कम्पनीबीच भएको कारोबारको विवरण - नभएको ।

१६. यस ऐन तथा प्रचलित कानुनबमोजिम संचालकसमितिको प्रतिवेदनमा खुलाउनुपर्ने अन्य कुनै कुरा - नभएको ।

१७. अन्य आवश्यक कुरा - नभएको ।